# सोनामका उत्पादनमा ७० प्रतिशतसम्म छुट

आर्थिक संवाददाता

काठमाडौं, असोज १३

व्यक्तिगत प्रयोजन तथा ट्रेकिङमा उपयोग हुने उच्च गुणस्तरीय सामग्रीको ब्रान्ड सोनामले यसपालिको चाड, सोनामको साथ नामक छुट योजना सार्वजनिक गरेको छ । छुट योजनाअन्तर्गत कम्पनीले आफ्ना विभिन्न उत्पादनमा विशेष छुट घोषणा गरेको छ ।

यो अफरमा छानिएका वस्तुमा ७० प्रतिशतसम्म छुट पाइने कम्पनीले जनाएको छ । यो योजना यही असोज २७ गतेसम्म मात्रै लागू हुने बताइएको छ । विशेष छुट कम्पनीका सबै आउटलेटमा लागू गरिएको छ । सोनाम ब्रान्डमा महिला, बालबालिका र पुरूषका ज्याकेट, ट्राउजर, सर्ट, पाइन्ट, पञ्जा, जिम भेस्ट, स्वेटर, कोट, ट्रेकिङ जाँदा लगाउने पोसाक, टेन्ट, ब्यागलगायत




उत्पादन छन् । राजधानी उपत्यकामा ठमेलको क्वाबहाल, ठमेलकै छाया सेन्टर, ललितपुरको जावलाखेल कुमारीपाटी, कमलपोखरीको सिटी सेन्टर, टुसाल, चाबहिलको केएल टावर, सुन्धाराको सिभिल मल, बालाजुको बिजी मल, जडिबुटीको जडिबुटी चोक, चितवनको सिजी ल्यान्डमार्क, सुनसरीको धरान पुतली लाइन, पोखराको लेकसाइड र न्युरोड तथा बुटवल र सुर्खेतमामा सोनामका सोरूम छन् ।

# एलिकाको दशैं–तिहार अफर

आर्थिक संवाददाता

काठमाडौं, असोज १३

नेपालमा भान्सा उपकरणमध्ये बजारमा रूचाएको ब्राण्ड एलिकाले दशैं, तिहार र छठलाई लक्षित गरी ग्राहक योजना ल्याएको छ । कम्पनीले 'दशैं तिहारमा, उपहार साथमा' भन्ने नारासहित जारी गरेको अफरअन्तर्गत एलिकाको कुनै पनि सामानको खरिदमा भ्याकुम फ्लास्क उपहार स्वरूप प्रदान गरिने भएको छ ।

यो योजना सीमित अवधिको लागि मात्रै लागू




गरिएको कम्पनीले जनाएको छ । एलिकाले किचन हुड, इन्डक्सन हब र बोइलर डिजाइन र निर्माण गर्दछ । कम्पनीको विश्वभर इटाली, पोल्याण्ड, मेक्सिको, भारत र चीनमा सातवटा प्लान्टहरू छन् । एलिकाको खाना पकाउने व्यवसाय इकाइले घरेलु प्रयोगका लागि किचन हुडहरू डिजाइन, निर्माण र बिक्री गर्दछ । एसियाली बजारका लागि कम्पनीले हब, ओभन र स्टेरिलाइजर पनि उत्पादन गर्छ ।

# सीजी नेटको 'ह्याट्रिक दक्षिणा' क्याम्पेन

आर्थिक संवाददाता

काठमाडौं, असोज १३

सीजी कम्युनिकेसन्सले सीजी डिजिटल र पेमेन्ट पार्टनर इ–सेवासँग सहकार्य गर्दै आफ्नो दशैं क्याम्पेन ह्याट्रिक दक्षिणा सार्वजनिक गरेको छ । कम्पनीले दशैं र क्रिकेट विश्वकपलाई दृष्टिगत गर्दै ह्याट्रिक दक्षिणा क्याम्पेन सार्वजनिक गरेको हो ।

योजनाअन्तर्गत उपभोक्ताले पहिलेकै मूल्यमा तेब्बर गतिको इन्टरनेट सुविधा प्राप्त गर्न सक्ने छन् । साथै, योजनाअन्तर्गत कम्बो छुटको रूपमा ३२ हजार आठ सय ५९ रूपैयाँ पर्ने ४३ इन्चको स्मार्ट टीभी, तीन महिनाका लागि सीजी नेट र आईपीटीभीको ८० एमबीपीएस सेवा प्राप्त गर्न सक्ने छन् । यो वास्तविक मूल्यको आधा हो । त्यसैगरी ३२ इन्चको स्मार्ट टीभी २२ हजार छ सय ४४ रूपैयाँमा खरिद गर्दा तीन महिनाका लागि सीजी नेट र आईपीटीभीको ५० एमबीपीएस सुविधा प्राप्त गर्न सक्ने छन् । सीजी स्मार्ट टीभीका लागि अधिकतम छुट सुविधाका साथै यस अफरअन्तर्गत उपभोक्ताले




५० र ८० एमबीपीएस गतिको इन्टरनेट सुविधा खरिद गर्दा तेब्बर गतिको इन्टरनेट सुविधा प्राप्त गर्न सक्ने छन् । साथै, उपभोक्ताले इ–सेवाका माध्यमबाट सीजी नेटका प्याकेजहरू खरिद गर्दा पाँच सय रूपैयाँसम्मको क्यास ब्याक प्राप्त गर्न सक्नेछन् ।

# सिट्रोनको सोरुम पोखरामा




आर्थिक संवाददाता

काठमाडौं, असोज १३

नेपालका लागि सिट्रोन गाडीको आधिकारिक वितरक साङ्ग्रिला मोटर्स प्रालिले पोखरामा नयाँ सोरूम विस्तार गरेको छ । पोखराको नयाँबजारमा खोलिएको नयाँ सोरूम एसएसएल मोटर्स कम्पनी प्रालि रहेको छ । यो नयाँ सोरूममा सिट्रोन ईसिथ्री र सिट्रोन सिथ्री मोडले बिक्रीका लागि रहेका छन् ।

यातायात व्यवस्था कार्यालय सवारी गण्डकीका कार्यालय प्रमुख डिल्लीराज रिजाल र सिट्रोनको लागि नेपालको आधिकारिक विक्रेता सांग्रिला मोटर्सका असिस्टेन्ट जनरल म्यानेजर किरण श्रेष्ठले एक कार्यक्रमबीच सोरूमको उद्घाटन गरेका थिए । यस्तै, साङ्ग्रिला मोटर्सले दशैं र तिहारको अवसरमा प्रमोसनल स्किम पनि ल्याएको छ । यस योजनाअन्तर्गत ग्राहकहरूले आकर्षक छुट, निःशुल्क सडक कर र एक वर्षभरिको लागि निःशुल्क ब्यापक बीमालगायतका असाधारण लाभहरूको आनन्द लिन सक्ने छन् ।

# 'विश्व सांस्कृतिक उत्सव–२०२३' मा नेपाल



आर्थिक संवाददाता

काठमाडौं, असोज १३

अमेरिकाको वासिङ्गटन डिसीस्थित मेट्रो एरियामा आयोजना भएको विश्व सांस्कृतिक उत्सव २०२३ मा नेपालले पनि सहभागिता जनाएको छ । सेप्टेम्बर २९ देखि अक्टोबर १ सम्म तीन दिने सो उत्सवमा एक सय ८० राष्ट्रले सहभागी जनाएको छन् ।

सहभागी राष्ट्रले आफ्नो मौलिक संस्कृतिसम्बन्धी प्रस्तुति गरेका छन् । संसारभरका विभिन्न संस्कृतिलाई एकै ठाउँमा ल्याई एकै सूत्रमा बाँध्ने काम आर्ट अफ लिभिङका संस्थापक तथा आध्यात्मिक गुरू श्रीश्री रविशंकरले गरेका हुन् । हालसम्म पाँच लाखभन्दा बढी सहभागीले कार्यक्रममा सरिक भएर सांस्कृतिक विविधताको महत्वमाथि ऐक्यबद्धता जनाएका छन् । कार्यक्रममा विभिन्न राष्ट्रले आफ्नो देशको भेषभूषा, नृत्य, संगीत तथा परिकारको प्रस्तुति देखाइरहेका छन् । नेपालले पनि विभिन्न समुदायको सात मौलिक नृत्यहरू सोही समुदायको सांस्कृतिक पहिरन पहिरिएर प्रस्तुति गरेको छ । नेपालको टोलीमा १३ वर्षदेखि ६० वर्षसम्मका एक सय ५० जना कलाकारहरू रहेका छन् । नेपालको सांस्कृतिक टोलीको प्रायोजन राजेशबहादुर प्रधान तथा निभा माथेमा प्रधानले गरेका छन् । नेपालको 'विश्व सांस्कृतिक उत्सव २०२३' मा सहभागिताले नेपाललाई विश्वमा चिनाउन सहयोगी हुने बताइएको छ ।

यस वर्ष हुन लागेको 'विश्व सांस्कृतिक उत्सव २०२३' चौथो संस्करण हो, सन् २००६ मा बैंगलोरमा आयोजना भएको पहिलो संस्करणमा पच्चीस लाख सहभागी थिए । त्यसैगरी, दोश्रो संस्करण जुन बर्लिनमा सन् २०११ मा सम्पन्न भएको थियो भने तेस्रो संस्करण सन् २०१६ मा दिल्लीमा आयोजित भएको थियो ।

## बन्दीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

बन्दीपुर, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मिति :-२०८०/०६/१४

यस बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बन्दीपुर तनहुँको मिति २०८०/०४/२८ मा आर्थिक दैनिक राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल निर्माण कार्यको लागि www.bolpatra.gov.np/egp मार्फत पेश भएका बोलपत्रहरु मध्ये देहायका बोलपत्रहरु मुल्यांकन समितिबाट न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७ प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं | निर्माण कार्यको विवरण | न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल रकम (भ्याट र PS सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | BRM/NCB/WORKS/ 01/2080-081 | Upgrading of Banhunbhanjyang-Deldanda-Lumte-Tamukhola Road. | Shrayash Construction Company Pvt.Ltd, Tokha-03, Kathmandu | Nrs 58,27,380.46 | |
| २. | BRM/NCB WORKS/ 02/2080-081 | Upgrading of Bandipur Dharampani Road | Prem Construction, Birendranagar-04, Surkhet | Nrs 94,34,209.68 | |
| ३. | BRM/NCB/WORKS/ 03/2080-081 | Upgrading of Bandipur-Khahare-Seratar-Sukhaura Road | Chhimkeshwori Redimix & Precast Concrete Company, Markichwok | Nrs 1,08,49,873.03 | |

प्रमुख प्रशासकीय अधिकृत

## सडक डिभिजन, धनकुटा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८०।०६।१४)

यस डिभिजनको मिति २०८०।०४।१५ गतेको आर्थिक दैनिक एवं https/www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना नं.०२-२०८०।८१ अनुसार (Single Stage Single Envelope) अन्तर्गत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनत्तम मूल्याँकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| सि.न. | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| 1 | RD-DKT/33701138 /2080-81/06 | श्री सेलेक्ट कन्स्ट्रक्सन प्रा.लि.काठमाण्डौं -९, बत्तिसपुतली । ( पान नं. ६०६७७००५३ ) | रु. ८३,५२,८८७।५० |
| 2 | RD-DKT/33701138 /2080-81/07 | श्री बालाली निर्माण सेवबा , खाँदबारी -१, संखुवासभा । ( पान नं. ६०५८८७४९१ ) | रु.४६,६२,३३२।५० |
| 3 | RD-DKT/337310113 /2080-81/Spec.08 | श्री पुँजा निर्माण सेवा , कोशी गा.पा.-२, सुनसरी । ( पान नं. ६१३२९८१५५ ) | रु. १,०६,४०,२५१।८५ |

डिभिजन प्रमुख

## बेलकोटगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट,

बागमती प्रदेश , नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०६/१४

यस कार्यालयले निम्नबमोजिम कार्यको लागि आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरेअनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही निम्नबमोजिमको बोलपत्र स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| S.N. | Procurement no. | Procurement Title | Bidder's Name | Bidding Price (excluding VAT) |
|---|---|---|---|---|
| 1 | BGM/NCB/Goods/ 01/2080-081 | Supply, Delivery, Installation, Commissioning and Testing of Broadband Services in the designated locations of Belkotgadhi Municipality | world fiber net pvt.ltd | 2535000.00 |

प्रमुख प्रशासकिय अधिकृत